“शिक्षा,स्वास्थ्य,कृषि,उद्योग र पूर्वाधार नरैनापुर विकासका मूल आधार”

# नरैनापुर गाउँपालिकाको

## आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

सम्मानित गाउँसभाका प्रमुख अतिथि एवम् जिल्ला समन्वय समितिका सभापति श्री अजयकुमार श्रीवास्तव ज्यू

गाउँसभाका सदस्य ज्यूहरु

सम्पूर्ण अतिथि ज्यूहरु एवम्

नरैनापुर गाउँपालिकाको प्रथम गाउँसभाको उद्घाटन कार्यक्रममा उपस्थित गाउँपालिका क्षेत्रभित्र क्रियाशील सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु,सरकारी एवं गैह्रसरकारी संघसंस्थासँग आवद्ध महानुभावहरु,उद्योगी-व्यवसायी,श्रमजिवी,विकास साझेदार संघसंस्थाका प्रतिनिधीज्यूहरु,भद्रभलाद्मी समाजसेवी,कर्मचारीवर्ग,संचारकर्मि साथीहरु

आदरणीय महिला तथा सज्जनवृन्द,

नरैनापुर गाउँपालिकाको यस गरिमामय गाउँसभा समक्ष सभाध्यक्षको हैसियतमा आर्थिक वर्ष २०७४/०७५को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई धेरै खुशी लागेको छ । यस अवसरमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले पटक पटक गर्दै आएका त्याग तपस्या र ऐतिहासिक जनआन्दोलन/संघर्षहरुको स्मरणका साथ राष्ट्र निर्माणका लागि आफ्नो ज्यानको आहूति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति नतमस्तक हुँदै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

स्थानीय तहको  निर्वाचन सभ्य र भव्य तवरले सम्पन्न गर्न सबै राष्ट्रिय अर्न्तराष्ट्रिय संघसंस्था, सुरक्षा निकाय,राजनीतिक दलहरु तथा कर्मचारी वर्गले खेल्नुभएको भूमिका तथा आम मतदाताहरुको उत्साहजनका सहभागिता र सहयोगका लागि हार्दिक आभार व्यक्त गर्दछु ।

समाज र राष्ट्रमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति,सुशासन,विकास र आम नागरिकको समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित भै नेपालको संविधान जारी भएको हो ।

संवैधानिक भावना र प्रतिवद्धताको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय तहको निर्वाचन मार्फत् स्थानीय सरकारको निर्माण भैसकेको वर्तमान परिप्रेक्ष्यमा संवैधानिक परिकल्पना अनुसार आम नागरिकको जीवनस्तरमा आमूल परिवर्तन ल्याई जनताको सर्वतोमुखी विकास गर्नको लागि गठित स्थानीय तहमध्ये नरैनापुर गाउँपालिका एक छुट्टै प्रकारको भौगोलिक आर्थिक सामाजिक सांस्कृतिक विशिष्टता र पहिचान भएको एक स्थानीय तह हो ।

बाँकेको सदरमुकाम नेपालगञ्जबाट धेरै टाढा नरहे पनि शिक्षा,चेतना, समृद्धि र विकासको दृष्टिले अत्यन्त सीमान्तीकरणमा परेको यस क्षेत्रमा एकातिर सामाजिक एकता र सद्भाव विथोल्न नदिई समग्र विकास र चेतनाको बाटोमा आम नागरिकलाई डोहोर्‍याउनु परेको छ भने अर्कोतिर वर्षौदेखि अभाव,अशिक्षा र विभेदमा परेका नागरिकलाई प्रत्यक्ष राहत दिलाउँदै वास्तविक रुपमा स्थानीय सरकारको अनुभूति दिलाउनुपर्ने प्रमुख अभिभारा छ।

नवस्थापित यस गाउँपालिकामा भौतिक आर्थिक सामाजिक पूर्वाधारहरुको दयनीय अवस्था, संक्रमणकालीन प्रशासनिक-कानूनी संरचना, जननिर्वाचित प्रतिनिधीद्वारा हुने शासकीय अभ्यासको लामो रिक्ततापछि उपलब्ध स्थानीय श्रोत साधन सीप तथा संघीय शासन व्यवस्थाबाट प्राप्त उपलब्धिहरुको रक्षा, जगेर्ना र सदुपयोग गर्दै आम नागरिकलाई सुशासनका माध्यमद्वारा विकास, अग्रगमन,सकरात्मक सामाजिक परिवर्तनप्रति विश्वस्त र उन्मुख गराउँदै नरैनापुर गाउँपालिकामा स्थानीय सरकारको अभ्यास गर्ने क्रममा **आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम** लिएर यस सम्मानित गाउँसभामा उपस्थित भएको छु।

संविधानले स्वायत्तता सहित स्थानीय तहलाई हस्तान्तरण गरेको अधिकारहरुको कुशलतापूर्वक कार्यान्वयन गर्ने गरी निर्वाचनका बेला जनताका सामु व्यक्त प्रतिबद्धतालाई क्रमशः कार्यान्वयन गर्ने तथा गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्ने बृहत् दायित्व र जिम्मेवारीलाई आत्मसाथ गर्दै **चालु आ.व.२०७४/०७५** को लागि देहायको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु।

## मूल नीति

१. स्थानीय तहको अधिकार सूची भित्र रहेका क्षेत्रहरुमा दीर्घकालीन योजना बनाई कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिईने छ।

२.शिक्षा,स्वास्थ्य लगायत सामाजिक विकास मार्फत् समाजलाई सकरात्मक परिवर्तन तर्फ उन्मुख गराउने दिशामा जोड दिईनेछ।

३. सामाजिक समावेशी र सहभागितामूलक योजना तर्जुमा पद्धतिको अवलम्बन गर्दै प्राथमिकता प्राप्त योजना तथा क्रियाकलापहरु छनौट तथा कार्यान्वयन गर्दै जाने नीति लिइनेछ।

४.सुशासन,पारदर्शिता,जवाफदेहिता र जनउत्तरदायी शासन प्रणाली अवलम्बन गर्दै भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने नीति लिइनेछ।

५.स्थानीय श्रोत साधनको पहिचान गरी यसको अधिकतम उपयोग गर्ने नीति लिइनेछ।

६.रोजगारीको अधिकतम अवसर सिर्जना गरी ग्रामीण जनताको गरिवी न्यूनीकरण गर्ने नीति लिइनेछ।

७. सरकारी,निजी क्षेत्र र गैरसरकारी तथा सहकारी क्षेत्रको अनुभव,सीप,क्षमता र विषय विज्ञतालाई अधिकतम उपयोग गर्ने तथा सहकार्य र साझेदारीमा काम गर्ने नीति लिइनेछ। नागरिक संघ संस्था -

एनजीओ,सामुदायिक संघ-संस्था वा उपभोक्ता समूह एवं सहकारी संघ संस्था र पेशागत संघ संस्था आदिहरुसँगको सहकार्यसम्बन्धी नीति बनाई समन्वय,सहकार्य,सहजीकरण,अनुगमन नियमन तथा परिचालन गरिने छ ।

८.गाउँपालिकाको हितलाई प्राथमिकता दिई आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ

९.गाउँपालिकाले उपलब्ध गराउने सेवा सुविधामा आम जनताको पहुँचलाई सरल बनाउने नीति लिईनेछ ।

१०. योजना तर्जुमाका सबै चरणमा सरोकारवाला नागरिकको अर्थपूर्ण सहभागितालाई प्रवर्द्धन गरिनेछ ।

११. गाउँपालिका मातहत हुने पूर्वाधार तथा भातिक संरचना निर्माण तथा विस्तार सम्बन्धी कार्यक्रमहरु दीर्घकालीन दृष्टिकोण अनुसार वातावरणमैत्री प्रविधि अवलम्बन गरी राष्ट्रिय स्तरमा स्वीकृत मापदण्ड अनुसार सञ्चालन गरिनेछ ।

१२.सामाजिक,आर्थिक तथा सांस्कृतिक रुपमा पछाडी परेका वर्ग तथा समुदाय र ज्येष्ठ नागरिक,बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

१३.सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई सहज र सरल बनाउने नीति लिइनेछ ।

१४.सूचनाको हकसम्बन्धी ऐन,२०६४ तथा सुशासन ऐन,२०६४ अनुसार आफूसँग सरोकार भएको वा सार्वजनिक महत्वको सूचना माग्ने वा पाउने व्यवस्थाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.गाउँपालिका क्षेत्रभित्र ऐतिहासिक,साँस्कृतिक,धार्मिक सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्दै गाउँपालिकालाई बाँकेकै एक नमूना प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गरिनेछ ।

१६.गाउँपालिकामा पर्यावरणीय संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्दै विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणीय पक्षमा विशेष जोड दिइनेछ ।

१७. वर्षेनी हुने बाढी, आगलागी तथा अन्य विपद्बाट जनधनको क्षति हुन नदिन पूर्व क्रियाशीलता पूर्वसूचना प्रणाली स्थापना गर्न विशेष जोड दिइनेछ ।

१८.यस गाउँपालिकाको समग्र विकास प्रगति लगायतको कार्यमा स्थानीय युवा,महिला,दलित,लक्षित वर्ग सबैलाई सहभागी गराई गाउँपालिकाको हरेक गतिविधिमा सकरात्मक सोंच,चिन्तनका साथ रचनात्मक सहयोग,समर्थन सद्भाव जुटाउँदै गाउँपालिकाको विकासप्रति अपनत्वग्रहण गर्ने वातावरणको सिर्जना गरिनेछ ।

१९.गाउँपालिका र मातहत कार्यालयबाट प्रवाह हुने सेवा,सुविधा, श्रोत,साधन र संयन्त्रप्रति आम नागरिकको भरोसा,विश्वास,सद्भाव र समर्थन वढाउँदै सुखदुखमा साथ दिने जनताको वास्तविक रुपमै घरदैलो सरकारका रुपमा स्थापित गराईनेछ ।

समग्रमा, नरैनापुर गाउँपालिकालाई पाँच वर्षभित्रै पिछडिएको गाउँपालिकाको सूचिबाट हटाई एक उन्नत,विकसित,शान्त,समृद्ध तथा पर्यटनमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

## उपस्थित महानुभावहरु

**अव म आगामी आ.व.२०७४/०७५ मा योजना कार्यक्रम छनौटका लागि लिइएका आधारहरुको बारेमा उल्लेख गर्न चाहन्छु ।**

१.नेपालको संविधान भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७४ स्थानीय तहमा बजेट तर्जुमा,कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका,२०७४ मा उल्लेखित आधारहरुलाई यथासम्भव अवलम्बन गरी योजना तथा कार्यक्रम छनौट गरिएको छ ।

२.स्थानीय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ मा व्यवस्था भए बमोजिम बजेटको विनियोजन गर्दा आर्थिक,सामाजिक एवं भौतिक पूर्वाधार विकास कार्यक्रम, प्रवर्द्धनात्मक कार्यक्रम र लक्षित समूह विकास कार्यक्रमहरुलाई उच्च प्राथमिकता दिइएको छ ।

३. सबै वडा स्तरीय भेलाबाट प्राथमिकताक्रम सहित सिफारिस भई आएका तथा  आयोजना तथा कार्यक्रमहरुलाई उपलब्ध हुन सक्ने श्रोत साधनको परिधिभित्र रही वार्षिक कार्यक्रममा समावेश गरिको छ ।

४. गाउँपालिकाको सन्तुलित विकास गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिका आधारमा जनसहभागिता तथा लागत सहभागिता जुट्न सक्ने कार्यक्रमलाई प्राथमिकता दिईने छ ।

५.सामाजिक क्षमता विकासका कार्यक्रमहरु एवं उपेक्षित उत्पीडित र सामाजिक वन्चितीकरणमा परेका वर्गलाई उचित रुपमा सम्वोधन गर्ने प्रयास गरिएको छ ।

६.लक्षित वर्ग समूह वा लाभग्राही वर्गबाट आवश्यकता महसुस भै गाउँपालिकामा माग गरिएका योजना हरुलाई पनि आर्थिक तथा प्राविधिक संभाव्यताको दृष्टिले छनौट गरिएको छ ।

**अब, म यस आर्थिक वर्षमा सञ्चालन गरिने क्षेत्रगत कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

## क. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

## १.शिक्षा

विकासको वीज सोंच हो । सोचाईमा सकरात्मक परिवर्तन नभएसम्म कुनैपनि किसिमको विकास सम्भव छैन । समाजको हित र भलाईको लागि व्यक्तिगत स्वार्थभन्दामाथि उठेर हेर्ने र समाजको हित र भलाईमा नै आफ्नो भविष्य सुरक्षित  देख्ने सामूहित भावना जहाँ हुन्छ त्यहाँ विकास सहज र द्रुतगतिमा अघि बढ्छ । सकरात्मक सामाजिक परिवर्तन र विकासका लागि व्यक्ति परिवार र समाज नै जागरुक हुनुपर्दछ ।

**शिक्षा र चेतनाको अभावले** सिर्जित पछौटेपनलाई हटाउन यस गाउँपालिका प्रत्येक वडामा आधारभूत तहदेखि नै माध्यमिक तहसम्मका शैक्षिक क्रियाकलापहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न शैक्षिक अनुगमन,नियमन लगायतका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी बालबालिकालाई विद्यालय पठाउने र विद्यालयमा टिकाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

गाउँपालिकाभित्र  कम्तीमा एक विद्यालयलाई नमूना विद्यालयको रुपमा सञ्चालन गर्न आवश्यक श्रोत साधनको व्यवस्था गरिनेछ ।

रोजगारमूलक शिक्षाको प्रवर्द्धनमा जोड दिइनेछ । यस गाउँपालिकाभित्र प्राविधिक शिक्षालयको स्थापना गर्ने तथा  एउटा बहुमुखी क्याम्पस स्थापनाको लागि सम्बन्धित निकायसँग समन्वयात्मक पहल गरिनेछ

शिक्षामा रहेको जनशक्ति, श्रोत साधनको अत्युत्तम परिचालन गरिनेछ, शिक्षक विद्यार्थी स्वीकृत अनुपातमा विद्यार्थी संख्या, शिक्षक कक्षाकोठा तथा भौतिक साधनको व्यवस्थामा जोड दिइने छ ।

शिक्षाको गुणस्तर उकास्न सबै क्षेत्र वर्ग र तप्काको सहयोग जुटाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ

गाउँपालिका क्षेत्रभित्र शैक्षिक गुणस्तर वृद्धि गर्न सरोकारवाला सबैको सहभागितामा शिक्षाको न्युनतम वस्तुगत मापदण्ड वनाउने र स्पष्ट सूचकमा आधारित भै अनुगमन मूल्यांकनको व्यवस्था मिलाईनेछ ।

तोकिए बमोजिम शैक्षिक गुणस्तर प्राप्त गर्न विशेष भूमिका खेल्ने शिक्षक, विद्यार्थी अभिभावकहरुलाई उचित प्रोत्साहन गर्ने नीति लिईनेछ ।

## २.स्वास्थ्य

**“प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन”** भनी नेपालका संविधानले स्वास्थ्यलाई जनताको मौलिक हककै रुपमा स्थापित गरे अनुरुप यस गाउँपालिकाका जनतालाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन विद्यमान स्वास्थ्य संरचनाहरुको प्रभावकारी परिचालन र व्यवस्थापनका साथै थप व्यवस्था समेत गरिनेछ।

गाउँपालिका क्षेत्रभित्र गर्भवती महिला तथा वालवालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याउन एकीकृत तथा बहुक्षेत्रीय पोषण योजना ,सुनौला हजार दिन लगायतको कार्यक्रम सञ्चालन गरिनेछ।

गाउँपालिकाभित्र एम्बुलेन्स सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था तथा पहल गरिनेछ।

स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधीहरुको अभाव हुन नदिने व्यवस्था मिलाईनेछ।
राम्रो काम गर्ने स्वास्थ्यकर्मि तथा स्वास्थ्य संस्थालाई पुरस्कृत गरिनेछ।
गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक श्रोत,साधन र जनशक्तिको व्यवस्था गरिनेछ। स्वास्थ्यको श्रोत,साधन,संयन्त्र सहित स्वास्थ्य उपचार,स्वास्थ्य सेवा प्रवाहको परिचालन,व्यवस्थापन,नियमन लगायतका सबै कार्य जिम्मेवारी गाउँपालिकाको काँधमा आएको र स्थापित संयन्त्रहरु पनि विधिवत् हस्तान्तरण भै आएको सन्दर्भमा परिवर्तित परिवेश अनुकूल सेवा प्रवाह गर्न सक्ने योग्य महिला स्वास्थ्य स्वयंसेविकाहरुको आवश्यकता र महत्वबारे स्वास्थ्य महिला सूमहमा जगाई पुरानालाई उचित सुविधासहित ससम्मान विदाई गर्दै नयाँ पढेलेखेका महिला स्वास्थ्य स्वयंसेविकाहरु तयार गरी क्रमशः नयाँलाई पुरानाबाट स्वेच्छाले सौहार्दपूर्वक जिम्मेवारी हस्तान्तरण गर्ने वातावरण निर्माण गरिनेछ।

प्रत्येक घरघरमा स्वास्थ्य सम्बन्धी सेवा,सूचना,चेतना फैलाउने कार्यमा खटिने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहित गर्दै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण निर्माण गरिनेछ।

## ३.खानेपानी तथा सरसफाई :

गाउँपालिका मातहत भएका पानीका श्रोतहरु तथा पानीको गुणस्तरीयता परीक्षणका लागि समन्वयात्मक पहल गरिनेछ।

स्वच्छ खानेपानीको अभाव हुन नदिन विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

खुलादिशामुक्त अभियानलाई सार्थक बनाउन पूर्ण सरसफाई विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका र मातहत वडा कार्यालयहरुमा नियमित सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ । वडा कार्यालय र गाउँकार्यपालिका कार्यालयमा निश्चित स्थानमा फोहोर फाल्न आवश्यक संरचना निर्माण गरिनेछ ।

सरसफाई सम्बन्धी कार्यक्रमहरुको प्रभावकारिताका लागि सेवाप्रवाहसँग सरसफाई कार्यक्रमको कार्यान्वयनलाई आवद्ध गराइनेछ ।

### ४. भाषा तथा संस्कृति प्रवर्द्धन

सामाजिक सद्भाव,सहिष्णुता र भाईचारा कायम हुने गरी सांस्कृतिक प्रवर्द्धनमा जोड दिईनेछ । ऐतिहासिक मठ मन्दिर मस्जिद मजार दरगाहहरुको संरक्षण,संवर्द्धन र उचित व्यवस्थापनमा जोड दिईनेछ । गाउँपालिकाभित्रका मशानघाट तथा कब्रस्तानको उचित व्यवस्थापन गरिनेछ ।

परम्परागत जात्रा,पर्व,मेला,झाँकीहरुको संरक्षण र व्यवस्थित गरिनुका साथै त्यस्ता अवसरमा सामाजिक भाईचारा प्रवर्द्धनमा जोड दिइनेछ ।

अवधि भाषा र लिपीको संरक्षण,संवर्द्धन,खोज अनुसन्धानमा सहयोग गरिनेछ ।

### ५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

लैंगिक विभेद हटाइनेछ । श्रोत साधन र अवसरमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको अनुकुल हुने गरी समाजका विशेष गरी बालबालिका, महिला,दलित, अपांग,सामाजिक आर्थिक सांस्कृतिक हिसाबले पिछडिएको क्षेत्र र वर्गको सहज पहुँचको व्यवस्था गरिनेछ । गाउँपालिकाबाट सञ्चालन हुने विकास लगायतका गतिविधिहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीतिलाई आवद्ध गरिनेछ । बालबालिकाको शारीरिक मानसिक विकास, संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## ख.आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

## १. कृषि

कृषि क्षेत्रमा युवाहरुको आकर्षण बढाई कृषिलाई व्यवसायिक,रोजगारमूलक बनाउन सुलभ कर्जा,मल,बीउ, कृषि सामाग्रीहरुको व्यवस्था गरिनेछ । व्यवसायिक खेतीतर्फ युवापुस्तालाई आकर्षित गर्न मल,विउ, कृषि सरसामाग्रीमा अनुदान दिइनेछ तथा कृषिलाई सम्मानित पेशाको रुपमा स्थापना गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । प्राविधिक संभाव्यताको आधारमा दिगो कृषि व्यवसायिक प्रणालीमा जोड दिईनेछ । कृषि तथा पशुविमा कार्यक्रमलाई सबै वडामा सञ्चालन गरिनेछ । जनताको लागत सहभागितामा कृषि तथा पशुसेवाका आवश्यक श्रोत,साधन उपलब्ध गराइनेछ ।

### २.उद्योग तथा वाणिज्य

गाउँपालिकामा उद्योग क्षेत्रको स्थापना र विकासका लागि उपयुक्त स्थान छुट्याई सोको व्यवस्थापन गरिनेछ। वाणिज्य क्षेत्रको विकास गर्न सम्बन्धित सबै पक्षसँग सहकार्य,समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.पर्यटन

यस गाउँपालिकामा रहेका ऐतिहासिक,साँस्कृतिक तथा साझा आस्थाको धरोहरको रुपमा रहेका सम्पदाको संरक्षण,प्रवर्द्धन र विकास गरी पर्यटकीय प्रवर्द्धनमा जोड दिइनेछ।

पर्यापर्यटनमा जोड दिँदै पर्यटकीय स्थल तथा सम्पदास्थलमा फोहोर गर्नेलाई Polluters Pay नीति अवलम्बन गरी सोबाट आर्जित रकम सम्बन्धित स्थल र सम्पदाको संरक्षण र विकासमा खर्च गरिने छ।

सुन्दर मुन्दर वनलाई बृहद् गुरुयोजना सहित पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ।

### ४. सहकारी

सहकारीको भावना र सिद्धान्त अनुसार गाउँपालिकामा स्थापित सहकारी संस्थाहरुको सञ्चालनमा जोड दिइनेछ।

सहकारीको संख्यात्मक साथै गुणात्मकता वृद्धिको लागि यस सम्बन्धी उपादेयता,आवश्यकता बुझाउन समन्वयात्मक रुपमा विविध कार्यक्रम सञ्चालन गरिनेछ।

प्रत्येक वडामा रहेका समुदायमा आधारित सहकारी संस्थाहरुलाई सबलीकरण गर्नका लागि विशेष सहयोगात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

### ५.वित्तिय क्षेत्र

गाउँपालिका क्षेत्रभित्र बैंकिग कारोबार गर्ने बैंकको स्थापनाको लागि पहल गरिनेछ साथै सोको सुरक्षाको लागि समन्वयात्मक ढंगले कार्य गरिनेछ। वचत तथा ऋण सहकारी संस्थाहरुको उचित नियमन व्यवस्थापन गरिनेछ। नागरिकमा वचत गर्ने वानीको विकास गरिनेछ।

## ग.वातावरण तथा विपद् व्यवस्थापन

### १. वन तथा भु-संरक्षण

सामुदायिक वनहरुको संरक्षण र विकासका लागि उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवैध चोरी पैठारी कार्यलाई निरुत्साहित गर्न सुरक्षा निकायसँग समन्वयात्मक पहल गरी कार्यक्रम सञ्चालन गरिनेछ । नदी तटवन्ध, बाँध निर्माण जस्ता कार्यलाई जोड दिइनेछ ।

**२.जलाधार संरक्षण** जलाधार क्षेत्रको संरक्षणको लागि सम्बन्धित निकायसँग पहल गरिनेछ ।

### ३.वातावरण संरक्षण जलवायु परिवर्तन

विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्दा वातावरणमैत्री प्रविधि अवलम्बन गरिनेछ । वातावरण संरक्षणका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित समन्वयात्मक पहल गरिनेछ । जलवायु परिवर्तनले कृषि,पशुपालन, उद्योग व्यवसाय, रोजगारी लगायत दैनिक जीवनमा पारेको प्रभाव र असर तथा सो बच्न Adaptation तथा Mitigation जस्ता कार्यशैलीहरु अवलम्बन गरिनेछ ।

## ४. फोहोर मैला व्यवस्थापन Sanitary Land Fill Sites

गाउँपालिकाभित्र निस्कने फोहोर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न Land Fill Sites बनाउन आवश्यक जग्गाको खोजी गरिनेछ ।

फोहोर उठाउने यन्त्र उपकरण लगायतका सामाग्री खरिद गरी फोहर उठाउने कार्यको शुरुवात गरिनेछ

गाउँपालिका क्षेत्रभित्रको फोहोर उठाउनको लागि आवश्यक साधन यन्त्र उपकरणको व्यवस्था गरिनेछ ।

### ५. जल उत्पन्न प्रकोप नियन्त्रण

सीमा क्षेत्रमा छिमेकी मुलुकबाट निर्माणाधीन बाँध/बाटोको कारण सिर्जित बाढीको विनाशक्रमलाई दोहोरिन नदिन आवश्यक कुटनीतिक पहलको लागि केन्द्र तथा प्रदेश सरकारसँग अनुरोध गरिने । गाउँपालिकाको आफ्नै श्रोत एवं सहयोगी संघ संस्था वा निकायको सहयोगमा तटबन्ध निर्माण कार्यलाई प्राथमिकताका साथ अघि वढाइनेछ । तटबन्ध निर्माण संरक्षण संबन्धी कार्यक्रमलाई विशेष जोड दिइनेछ ।

### ६.विपद् व्यवस्थापन

वर्षेनी बाढी,आगलागी, भूकम्प लगायतका प्राकृतिक मानवनिर्मित प्रकोपका कारण हुने क्षति लगायतमा राहत, उद्धार, पुननिर्माण,पुर्नस्थापना लगायतका कार्यहरु गर्न गाउँपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन गरिने र सो का लागि खर्च गर्न एक विपद् व्यवस्थापन कोष स्थापना गरिने छ । गाउँपालिकामा एक दमकल ल्याउनको लागि सरकारी गैह्रसरकारी निकायमा आवश्यक पहलकदमी गरिनेछ । विपद् व्यवस्पथापनको तयारी,प्रतिकार्य,राहत पुर्नस्थापना पुननिर्माणको कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्न पुर्वसचेतना,क्षमता अभिवृद्धि लगायतका कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

## (घ) पूर्वाधार विकास

### १.सडक तथा पुल

गाउँपालिका मातहतका वडाहरुमा ठोस विकास कार्यक्रमको रुपमा व्यवस्थित शहरको अवधारणा र मापदण्ड बमोजिम सबै वडामा हुलाकी सडकसँग जोडिने गरी सडक निर्माण कार्यको लागि बजेट विनियोजन गरिनेछ। सबै वडाका आवश्यक ठाउँमा झोलुंगे पुल निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ । हुलाकी सडक निर्माणको कार्यलाई द्रुतगतिमा अघि बढाउन सम्बन्धित पक्षलाई जिम्मेवारीपूर्ण ढंगले स्वीकृत मापदण्ड बमोजिम कार्य गर्न र सो निर्माण कार्यका लागि आवश्यक सहजीकरण र समन्वय गरिनेछ।

### २. सिंचाई

सिक्टा सिंचाईंको कार्यलाई सहज गर्न तथा द्रुतगतिमा अघि बढाउन आवश्यक पहल, समन्वय गरिनेछ। गाउँपालिका मातहत सिक्टा सिंचाईको सिंचित भूमिभन्दा बाहेक अन्य उपयुक्त स्थानमा सिंचाई योजना सञ्चालन गर्न संभाव्यता अध्ययन गरिनेछ।

### ३.भवन तथा सहरी विकास

व्यवस्थित सहरी विकास तथा भवन निर्माणको लागि नरैनापुर विकास गुरुयोजना तयार गर्नको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । भवन निर्माण आचारसंहिता अनुसार भवन निर्माणका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### ४. लघु उर्जा तथा साना जलविद्युत(वैकल्पिक उर्जा समेत)

विद्युत वर्षौदेखि विद्युत सुविधाबाट वञ्चित नागरिकहरुलाई विद्युत सेवा उपलब्ध गराउन सम्बन्धित नेपाल विद्युत प्राधिकरण एवं सबै पक्षसँग जोडदार माग राखिनेछ। विद्युतको लागि सोनारी वगौडा विद्युत परियोजनालाई अविलम्ब सञ्चालनमा ल्याइनेछ।

### ५. सञ्चार

गाउँपालिकाभित्र गुणस्तरीय टेलिफोन, मोवाईल सेवाका लागि नेपाल टेलिकममा आवश्यक पहल गरिनेछ। सञ्चारको गुणस्तर सुधारको लागि उपयुक्त प्रविधि र संयन्त्र प्रयोग गर्न नेपाल टेलिकममा औपचारिक पहल गरिनेछ। गाउँपालिकामा उपयुक्त क्षमताको इन्टरनेट सुविधाको लागि आवश्यक पहल गरिनेछ।

## (ङ) संस्थागत विकास तथा सेवा प्रवाह

### १.मानव संसाधन विकास

वर्तमान संघीय संरचना अर्न्तगत स्थानीय तहमा निर्वाचित तथा गैह्रनिर्वाचित दुवै पदमा रही कार्यसम्पादन गर्ने दुवै खालको जनशक्तिको गुणस्तरीय, सुझवुझ, क्षमता तथा सीपबाट नै समग्र गाउँपालिकाको विकासको सपना पूरा हुन सक्तछ । दुवै खालको जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेट विनियोजन गरिनेछ । गाउँपालिकामा निर्वाचित जनप्रतिनिधीहरुमा भएको सूचना प्रविधि, कानूनी तथा प्रशासनिक संरचना तथा कार्यप्रणाली सम्बन्धी,विकास निर्माणका स्थापित स्वीकृत मापदण्ड सम्बन्धी ज्ञानलाई विस्तृत फराकिलो बनाई व्यवहारिक धरातलमा उतार्ने सीप र कुशलता हासिल गर्न सक्षम बनाउन विविध तालिम,गोष्ठी,सेमिनार,अर्न्तक्रिया,अवलोकन भ्रमण लगायतमा जोड दिइनेछ ।

प्रमुख प्रशासकीय अधिकृतलाई उच्च स्तरको स्वदेशीय तथा वैदेशिक अध्ययन तालिमको व्यवस्था गरिनुका साथै गाउँकार्यपालिका र मातहत वडा/कार्यालयहरुमा कार्यरत अन्य कर्मचारीहरुको ज्ञानसीप र क्षमता अभिवृद्धिका लागि तालिम,अध्ययन अवलोकन भ्रमणको लागि आवश्यक श्रोत साधन विनियोजन गरिनेछ ।

सिकेका ज्ञानसीपलाई संस्थाको क्षमता अभिवृद्धि तथा सेवाप्रवाहमा सुधार ल्याउने वातावरण निर्माण गरिनेछ तत्पश्चात् संस्थागत क्षमता तथा सेवाप्रवाहमा ल्याएको सुधारको वस्तुगत मूल्यांकनका आधारमा मात्र थप तालिम अध्ययन अवलोकन भ्रमणका अवसर उपलब्ध गराइनेछ ।

## २.संस्थागत क्षमता विकास तथा संस्थागत पूर्वाधार

यस गाउँपालिका मातहत वडा कार्यालयहरुलाई आवश्यक श्रोत साधनले सम्पन्न गर्दै लगिनेछ ।गाउँपालिका भित्रका सबै विद्यालय,गाउँपालिका र वडा कार्यालय भवन,स्वास्थ्य चौकी, हुलाक कार्यालय र सेवा केन्द्रहरुलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

चालु आ.व.भित्रै यस गाउँपालिकामा कार्यक्षेत्र बनाई सेवा प्रवाह गरिरहेका सरकारी तथा गैह्रसरकारी संघसंस्थाहरुलाई एकद्वार प्रणाली अनुसार समन्वय,सहकार्य र एकरुपताका लागि यसै गाउँसभाबाट स्वीकृत गराएर मात्र कार्यक्रम सञ्चालन गर्न दिने विशेष परिस्थितिमा बाहेक अन्य अवस्थामा गाउँसभाको स्वीकृति विना कार्यक्रम संचालन गर्न नदिने व्यवस्था मिलाइएको छ ।

टोल विकास संस्थाहरुको गठन गरी सामाजिक तथा अन्य क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

सामदायिक मेलमिलाप कर्ताहरुको सूची तयार गरी तिन्को ज्ञान,सीप,अनुभव र क्षमतालाई अधिकतम उपयोग गर्ने नीति लिइनेछ ।

## ३.नागरिक वडापत्र तथा टोकन प्रणाली

सेवाग्राहीले पाउने सेवा सम्बन्धी विवरण भएको नागरिक वडापत्रको शुरुवात गाउँपालिका र मातहतका सबै वडाहरुमा गरिनेछ । सेवा लिने क्रमलाई व्यवस्थित गर्न वृद्ध, अपांग तथा अशक्त व्यक्तिहरुको लागि

विशेष व्यवस्था गरिनुका साथै सेवा प्रवाहलाई व्यवस्थित गर्न धेरै भीडभाड हुने कार्यालयहरुमा टोकन प्रणाली लागू गरिनेछ । सेवा प्रवाहमा विचौलियाको घुसपैंठलाई निरुत्साहित गर्दै नागरिकलाई कानून बमोजिम लाग्ने शुल्क बाहेक अन्य शुल्क नलिई कार्यालय वा कर्मचारीबाट वा नागरिक स्वयंले सेवा प्राप्त गर्न पुर्‍याउनुपर्ने कार्यविधिको सहजीकरण,सरलीकरण गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ

### ४.सेवा प्रवाहका मापदण्ड निर्धारण

जनताको घरदैलोको सरकार तथा शासन व्यवस्थाका रुपमा आत्मसाथ गरिएको संघीय व्यवस्थाको मूल आधार स्थानीय तह नै हुन् । जनतालाई कसरी,कहिले,कहाँ,कति,के सेवा दिने भन्ने मापदण्ड छनौट गर्दै निर्णय गर्ने अधिकार गाउँपालिकालाई भएको कारणले स्थानीय सरकारबाट प्रवाह गरिने सेवा स्तर निर्धारण गरी सो अनुरुप सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

### ५.सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग

गाउँकार्यपालिका तथा मातहत वडा कार्यालयहरुबाट दिईने सेवाहरुमा सूचना प्रविधिको प्रयोग गरी छिटो,छरितो तथा सुलभ सेवा उपलब्ध गराईनेछ ।

व्यक्तिगत घटना दर्ता प्रणालीलाई कम्प्यूटरीकृत गरी अनलाईन प्रणालीमा लगिनुका साथै सामाजिक सुरक्षा प्रणालीको लेखांकन समेत अनलाईनमार्फत् गर्नको लागि आवश्यक श्रोतसाधन र जनशक्तिको व्यवस्था गरिनेछ ।

गाउँपालिकावासीलाई स्थानीय तहबाट उपलब्ध हुने सेवा,सुविधाहरुको प्रभावकारी जानकारी दिईनुका साथै सो सेवा प्राप्त गर्ने कार्यविधि र प्रकृयालाई सरलीकृत गरी सेवामा सबैको निर्वाध पहूँचको व्यवस्था मिलाईनेछ ।

गाउँकार्यपालिकाको कार्यालय/मातहतका सबै कर्मचारीहरुलाई यस गाउँपालिका क्षेत्रभित्र सहज,सरल र निश्चिन्त भै उच्च मनोबलका साथ कार्यसम्पादन गर्ने अवसरको व्यवस्था गरिनेछ ।

जनगुनासो सुनुवाईका लागि नागरिक सहायता कक्ष,उजुरी पेटिका र सूचना अधिकारीको व्यवस्थापन गरिनेछ ।

## (च) वित्तीय व्यवस्थापन,सुशासन,पारदर्शिता,जवाफदेहिता गुणस्तरीय सेवा प्रवाहसम्बन्धी नीति कार्यान्वयनका कार्यक्रमहरु

अ.लेखांकन,राजश्व परिचालन, वित्तीय अनुशासन कायम गर्न केन्द्र कानून र प्रदेश कानून अनुकूल स्थानीय आवश्यकता, अवस्था र संभाव्यतालाई परिलक्षित गर्दै वित्तीय जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यविधि,निर्देशिकाहरुको निर्माणमा विशेषज्ञ सेवा लिनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

आ.गाउँपालिकाबाट भएका हरेक आर्थिक गतिधिको सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परीक्षण गर्ने आवश्यक व्यवस्था मिलाईनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै आन्तरिक लेखापरीक्षणलाई वस्तुनिष्ठ वनाइनेछ ।

इ.हालसम्मका बेरुजु फछ्र्यौटका लागि विशेष पहल गरिनेछ,अन्तिम लेखापरीक्षणबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न विशेष ध्यान केन्द्रित गरिनुका साथै कार्यमूलक लेखापरीक्षणका लागि जोड दिइनेछ ।

ई.योजनाहरुको सामाजिक परीक्षण,सार्वजनिक परिक्षण र नागरिक अनुगमन गरेर मात्र रकम भुक्तानी दिइनेछ । सार्वजनिक खरिद प्रकृयालाई पारदर्शि र प्रतिस्पर्धी बनाइनेछ ।

उ.सार्वजनिक सुनुवाई,सूचनाको नियमित प्रकाशन,नागरिक वडापत्र, नागरिक वडापत्र सँगालो प्रकाशन,निर्णयहरुको नियमित सार्वजनिकीकरण,सेवा प्रवाह पुस्तिका प्रकाशन लगायतका कार्यका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

ऊ.नागरिक सेवाप्रवाह सरलीकरण गरी सबै नागरिकलाई सहज,सरल र प्रभावकारी रुपमा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

**उपस्थित महानुभावहरु,**

**अव , म आगामी आ.व.२०७४/०७५ को लागि प्रस्तावित अनुमानित आय व्यय प्रस्तुत गर्न चाहन्छु ।**

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | गत वर्षको अल्या | रु.१२५९४७६६/- | अक्षरेऽपि एक करोड पच्चीस लाख चौरानब्बे हजार सातसय छैसठ्ठी मात्र |
| २. | नेपाल सरकारको निशर्त अनुदान (वित्तीय समानीकरण अनुदान) | २३३७५९०००/- | अक्षरेऽपि तेइस करोड सैंतीस लाख उन्साठी हजार मात्र |
| ३. | नेपाल सरकारको सशर्त अनुदान | रु.७५२५४०००/- | अक्षरेऽपि सात करोड बाउन्न लाख चौवन्न हजार मात्र |
| ४. | आन्तरिक आयतर्फ वार्षिक अनुमानित | रु.२००००००/- | अक्षरेऽपि बीसलाख मा |
| कुल आम्दानी रु.३२३६०७७६६/- | | | |
| खर्च तफको अनुमान | | | |
| | कूल व्यय तर्फ | रु.४७३६०७७६६/- | अक्षरेऽपि सत्चालिस करोड छत्तीस लाख सात हजार सातसय छैसठ्ठी मात्र |
| | नपुग रकम | रु.१५००००००/- (अक्षरेऽपि पन्ध्र करोड रुपैंयामात्र) | |

| | | | |
|---|---|---|---|
| | | जिल्ला समन्वय समिति, अन्तरसरकारी वित्तिय हस्तान्तरण, केन्द्र सरकार थप अनुदान दातृ निकाय संघ संस्थाबाट प्राप्त हुने नगद तथा वस्तुगत अनुदान प्राविधिक सहयोगमा सञ्चालन हुने योजना समेत नपुग बजेटबाट सञ्चालन हुने । | |

**आदरणीय उपस्थित महानुभावहरु,**

अन्तमा, यस गाउँसभाको समुद्घाटन समारोहमा समय दिई पाल्नुभएकोमा प्रमुख अतिथि, लगायत सम्पूर्ण अतिथिज्यूहरुलाई म नरैनापुर गाउँपालिकाको तर्फबाट पुनः विशेष कृतज्ञता ज्ञापन गर्दछु ।

यस गाउँपालिकाको वैठकमा नियमित रुपमा उपस्थित भै नेपाल सरकारको मार्गदर्शन अनुसार गाउँ पालिकाको विकास योजना तर्जुमा गर्न महत्वपूर्ण योगदान गर्नुहुने गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु,वडाध्यक्षज्यूहरु, सम्पूर्ण पदाधिकारी ज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । गाउँपालिकाको हित उन्नतिको लागि प्रत्यक्ष परोक्ष रुपमा संलग्न गैह्रसरकारी संघसंस्थाहरु, सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिका तथा मातहत वडा तथा अन्य विषयगत कार्यालयका कर्मचारी,सुरक्षा निकायका साथीहरु एवम् पत्रकार बन्धुहरु सबैप्रति हार्दिक साधुवाद व्यक्त गर्दै ,

नरैनापुर गाउँपालिकाको विकासका लागि कोशेढुंगा सावित हुने यस गरिमामय गाउँसभामा प्रस्तुत नीति,कार्यक्रम र बजेटमा रचनात्मक,राय,सुझाव र मार्गदर्शन प्रदान गरी सफल पार्न सहयोग प्राप्त हुने नै छ भन्ने आशा लिंदै विदा हुन चाहन्छु ।

धन्यवाद !

**श्री ईश्तियाक अहमद शाह**

**अध्यक्ष**

**नरैनापुर गाउँपालिका**

**प्रथम गाउँसभा**

**मिति २०७४ मंसिर १३ गते बुधवार ।**